# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 11.02.2025**

## अक्षय सचदेव- किरायादार

किरायादारहरूको भेरिफिकेसनलाई लिएर अहिले व्यापक रूपमा सिर्जना भइरहेको भ्रमका विषयमा बोल्दै राज्यका पुलिस महानिर्देशक श्री अक्षय सचदेवले मानिसहरूलाई न अतालिन आग्रह गर्नुभएको छ। आज राजधानीमा पत्रकारहरूसित कुराकानी गर्दै श्री सचेदवले सिक्किम सब्जेक्ट प्रमाणपत्र, सर्टिफिकेट अफ आइडेन्टिफिकेसन सीओआई, आवासीय प्रमाणपत्र आरसी, जमीनको पर्चा अथवा सिक्किम मतदाता परिचय पत्र धारकहरूले किरायादार भेरिफिकेसनका लागि पुलिस स्टेसन धाउनु पर्दैन भन्नुभयो।

यसका साथै उहाँले घर मालिकहरूलाई पुलिस स्टेसनमा एकपल्ट गएर आफ्ना किरायादारहरूको विवरण दिन आग्रह गर्नुभएको छ। श्री सचदेवले थानामा बढ्दो भीडलाई ध्यानमा राखेर आउँदो पन्ध्र तारिकदेखि पुलिस आउट पोस्टहरूमा पनि कागजपत्र जमा गर्न सकिने बताउँदै कुनै उडन्ते खबरका पछि नलाग्न आग्रह गर्नुभएको छ।

उहाँले यस विषयमा आउँदा दिनहरूमा सरकारले अधिसूचना जारी गर्ने पनि जानकारी दिनुभयो।

## इन्टरनेट दिवस

सुरक्षित इन्टरनेट दिवसको अवसरमा सूचना सुरक्षा शिक्षा एवम् सचेतना कार्यक्रम आज राज्यका विभिन्न स्थानमा पालन गरिए। मूलतः सुरक्षित इन्टरनेटको प्रयोगमा केन्द्रित रहेका कार्यक्रमहरूमा साइबर सुरक्षा, डिजिटल गिरफ्तारी अनि इन्टरनेटका माध्यमद्वारा हुने विभिन्न प्रकारका अपराध, ठगी र जालसाजीका विषयमा इन्टरनेट प्रयोगकर्ताहरूलाई सचेत गराउने उद्देश्य रहेको थियो।

राष्ट्रिय सूचना केन्द्र एनआईसी, सिक्किम एकाईले इलेक्ट्रोनिक्स अनि सूचना प्रौद्योगिकी मन्त्रालयको निर्देशनमा **असल इटरनेटका लागि मिलेर काम गरौं** विषयमा कार्यक्रमको आयोजना गरी सुरक्षित इन्टरनेट प्रयोगबारे जानकारी गराएको हो ।

कार्यक्रममा मुख्य सचिव श्री रविन्द्र तेलाङले भिडियो सन्देशद्वारा मानिसहरूलाई सचेत रहन आग्रह गर्नुभएको थियो। यसका साथै सिक्किम पुलिसका साइबर सेलका अधिकारी श्री थिन्ले जाङ्पो अनि एनआईसीका साइबर सुरक्षा प्रमुख श्री रनजीत चामलिङले विभिन्न विषयमा प्रकाश पार्नुभएको थियो। एनआईसीका वरिष्ठ निर्देशक डा. एलपी शर्माले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभएको थियो।

## मंगन जिल्ला इन्टरनेट दिवस

सुरक्षित इन्टरनेट दिवसको अवसरमा विशेष कार्यक्रम मंगन जिल्ला प्रशासन भवनमा पनि जिल्लाधीश श्री अनन्त जैनको मुख्य आतिथ्यमा सम्पन्न भयो। कार्यक्रममा मंगन जिल्लाका अधिकारीहरूको विशेष उपस्थिति रहेको थियो।

**कश्यप पुरस्कार**

वरिष्ठ साहित्यकार श्री थीरुप्रसाद नेपाल आज नवौं तुलसीराम शर्मा कश्यप स्मृति पुरस्कार 2025-ले सम्मानित हुनुभएको छ। आज गान्तोकको नेपाली साहित्य परिषद् भवनमा आयोजित 86 औं कश्यप जयन्ती एवम् पुरस्कार अलङ्करण समारोहमा उहाँलाई तुलसीराम शर्मा कश्यप स्मृति पुरस्कारले सम्मानित गरिएको हो। कार्यक्रमका मुख्य अतिथि कवि डा. राजेन्द्र भण्डारीलगायत नेपाली साहित्य परिषद्का अध्यक्ष श्री हरि ढुङ्गेल, तुलसीराम शर्मा कश्यप प्रतिष्ठानकी अध्यक्ष श्रीमती हीरालता शर्माले श्री नेपाललाई अङ्गवस्त्र, नगद राशि र प्रशस्ती पत्रद्वारा सम्मानित गर्नुभयो।

नेपाली साहित्य परिषद् र तुलसीराम शर्मा कश्यप प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा कविता वाचनसितै महाकवि तुलसीराम शर्मा अनि साहित्यकार राधाकृष्ण शर्माको योगदानमाथि पनि वार्ताहरू प्रस्तुत भएका थिए।

आफ्नो सम्बोधनमा मुख्य अतिथि डा. राजेन्द्र भण्डारीले मानव समाजमा साहित्य र कलाको महत्वमाथि प्रकाश पार्नुभएको थियो।

आफ्नो सम्बोधनमा श्री थिरुप्रसाद नेपालले साहित्य सिर्जनाले भाषाको संरक्षण र विकासमा महत् भूमिका निर्वाह गर्ने विचार व्यक्त गर्नुभएको थियो।

**राज्यपाल- केएसयु**

कञ्चनजङ्घा राज्य विश्वविद्यालयका उपकुलपति प्रोफेसर डा. आशिश शर्माले आज राजभवनमा राज्यपाल श्री ओमप्रकाश माथुरलाई भेट गरी विश्वविद्यालयको तेस्रो दीक्षान्त समारोहको विषयमा अवगत गराउँदै निमन्त्रणा गर्नुभयो। विश्वविद्यालयले आउँदो 8 मार्चको दिन आफ्नो तेस्रो दीक्षान्त समारोहको आयोजना गरिरहेको छ।